NJ: NUTA

# भाषाविज्ञान र नेपाली भाषाको उपलब्धि मूल्याङ्कनको अध्ययन

**दावा शेर्पा**
नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
*Email:* sherpadawa2023@ gmail.com
DOI:10.3126/nutaj.v10i1-2.63058

**लेखसार**

२०७४ देखि२०७७ सालसम्मका महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूले भाषाविज्ञान र नेपाली भाषा (नेपा. शि.४२२) विषयको वार्षिक परीक्षामा प्राप्त गरेको उपलब्धि मूल्याङ्कनको अध्ययन गरिएको छ । २०७४ सालको १०० जना विद्यार्थीहरूमध्ये ५१ जना उत्तीर्ण, ४१ जना अनुत्तीर्ण र ८ जना अनुपस्थित रहेका छन् । उक्त सालको उत्तीर्ण ५१ प्रतिशत, अनुत्तीर्ण ४१ र अनुपस्थित ८ प्रतिशत रहेको छ । २०७५ सालको १२७ जना विद्यार्थीहरूमध्ये ५१ जना उत्तीर्ण, ६३ जना अनुत्तीर्ण र १३ जना अनुपस्थित रहेका छन् । जसको उत्तीर्ण ४०.१५ प्रतिशत, अनुत्तीर्ण ४९.६० र अनुपस्थित १०.२३ प्रतिशत रहेको छ । २०७६ सालको १०३ जना विद्यार्थीहरूमध्ये ५१ जना उत्तीर्ण, ४६ जना अनुत्तीर्ण र ६ जना अनुपस्थित रहेका छन् । उक्त सालको उत्तीर्ण ४९.५१ प्रतिशत, अनुत्तीर्ण ४४.६६ र अनुपस्थित ५.८२ प्रतिशत रहेको छ । २०७७ सालको ९६ जना विद्यार्थीहरूमध्ये ५१ जना उत्तीर्ण, ३३ जना अनुत्तीर्ण र १२ जना अनुपस्थित रहेका छन्, जसको उत्तीर्ण ५३.१२ प्रतिशत, अनुत्तीर्ण ३४.३७ र अनुपस्थित १२.५ प्रतिशत रहेको छ ।

*शब्दकुञ्जी* : बहुमुखीस्तम्भ, स्तरवृद्धि, प्राप्ताङ्क, निर्माणात्मक, उपलब्धि

## विषय प्रवेश

प्रस्तुत शोध लेख स्नातक तहको भाषाविज्ञान र नेपाली भाषा विषयको वार्षिक परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेका उपलब्धि मूल्याङ्कनको शोधमा केन्द्रित रहेको छ । यस शोधमा स्नातक तह दोस्रो वर्षको भाषाविज्ञान र नेपाली भाषा (नेपा.शि. ४२२) विषयको अध्ययन पूरा गरी वार्षिक परीक्षाको निर्णयात्मक मूल्याङ्कनमा सहभागी २०७४ देखि २०७७ सालसम्मका महेन्द्ररत्न क्याम्पस, ताहाचलका नियमित तर्फको विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धि मूल्याङ्कनको शोधमा केन्द्रित रहेको छ । प्रस्तुत अनुसन्धान शोधमा समस्याको छनोट सावधानीपूर्वक अध्ययन गरी विषय शीर्षक छनोट गर्ने कार्य गरिन्छ (कोठरी र गार्ग, सन् २०१४, पृ. २३) । उक्त शोधमा वस्तुगत र विषयगत परीक्षणका निबन्धात्मक प्रश्नहरूको छोटो उत्तर दिने र विस्तृत निबन्धात्मक उत्तर दिने प्रश्नहरूको आधारमा विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको तथ्याङ्क उद्देश्यमूलक (गुणात्मक) रूपमा सङ्कलन गरी विश्लेषण गरिएको छ । प्रस्तुत शोधद्वारा विद्यार्थीहरूको भाषिक सिप व्यवहारमा आएका परिवर्तनको उपलब्धि मूल्याङ्कनको खोजमा के-कति विद्यार्थीहरू उत्तीर्ण, अनुत्तीण र अनुपस्थित भएका छन्, त्यसको खोज गरिएको छ । शैक्षणिक सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषा शिक्षणसँग सम्बन्धित हुन्छ । भाषाशिक्षण भनेको भाषाको

शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण हो (शर्मा र पौडेल, २०६०, पृ. २१७)। यसको मूल उद्देश्य विद्यार्थीहरूको भाषिक क्षमतास्तर आँकलन गर्नु मात्र नभएर शिक्षणसिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशका सरल र जटिल अंश छुट्याउनु, शिक्षण सामग्रीहरूको उपयोगिता र प्रभावकारिताको निर्क्योलको मूल्याङ्कन गर्न महत्त्वपूर्ण भूमिका हुन्छ (श्रीवास्तव, सन् १९९२, पृ. १४५)। त्यसैको खोज गर्ने कार्य यसमा गरिएको छ।

भाषाशिक्षण क्रियाकलाप भनेको भाषाको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको शिक्षण हो। भाषा शिक्षणमा सैद्धान्तिक प्रसङ्गबाहेक भाषिक मूल्याङ्कन मूलतः सुनाइ र पढाइ भाषिक सिपको ग्रहण (आदानात्मक) पक्षसँग तथा बोलाइ र लेखाइ भाषिक अभिव्यक्ति (प्रदानात्मक) सिप र कला पक्षको लेखाजोखा गरी पृष्ठपोषण दिने कार्यमा केन्द्रित हुन्छ। त्यसैले गर्दा शैक्षणिक अनुसन्धानमा सामाजिक क्षेत्रका वैज्ञानिक अध्ययनजस्तै हामीले आफ्नै अनुभवको सिकाइ र गराइबाट प्राप्त गरेको आधारभूत सबै विषयका शीर्षकमा अनुसन्धान गर्न सकिन्छ (न्यूम्यान, सन् २०१६, पृ. १)। जसरी सामाजिक विज्ञानका अनुसन्धान क्षेत्रका वास्तविक सत्य हामी हाम्रो दैनिक जीवनमा साथी, घरपरिवार, छरछिमेक, सह-कार्यमा सहभागीहरूको अनुसन्धानबाट प्राप्त गर्दछौँ तर अनुसन्धानमा प्राप्त गरेको प्राप्ति र त्यसको निष्कर्ष जबसम्म पत्रपत्रिका वा अन्य कुनै सञ्चारका माध्यमद्वारा प्रकाशित गरिँदैन तबसम्म त्यसको कुनै अर्थ र प्रभाव समाजमा रहँदैन। त्यहीँ विषयलाई मध्यनजर राखी महेन्द्ररत्न क्याम्पस ताहाचलका विद्यार्थीहरूले भाषाविज्ञान र नेपाली भाषा (नेपा. शि. ४२२) को वार्षिक परीक्षाको अन्तिम निर्णयात्मक मूल्याङ्कनमा राष्ट्रिय परीक्षा बोर्डबाट विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धि मूल्याङ्कनको अध्ययन नै प्रस्तुत शोधको विषय रहेको छ।

भाषाशिक्षण सिकाइका सन्दर्भमा मूल्याङ्कनलाई विद्यार्थीहरूको क्षमता वा उपलब्धि प्राप्तिको लेखाजोखाको मापनको रूपमा लिइन्छ। मूल्याङ्कनको सम्बन्ध शिक्षण सिकाइसँग प्रत्यक्ष जोडिएको हुन्छ। मूल्याङ्कलनलाई कक्षा कार्यकलापसँग जति सम्बन्धित गराइन्छ उति नै विद्यार्थीहरू यसबाट लाभान्वित हुन्छन् (अधिकारी, २०६३, पृ. १८८)। तर हाम्रा विश्वविद्यालयको अधिकांश आङ्गिक क्याम्पसमा प्रयोगात्मक परीक्षाबाहेक यस प्रकारका मूल्याङ्कन कमै हुने गरेको छ। शिक्षण सिकाइ प्रक्रियामा सहभागी वास्तविक व्यावसायिक शिक्षकले आफ्नो शिक्षण गतिविधिको एक तिहाइ समयमा विद्यार्थीको मूल्य निर्धारणसँग सम्बन्धित कार्यमा बिताउँछन् (क्रोक्स, सन् १९८८)। शिक्षण सिकाइ प्रक्रियाको सफलता र असफलताको कोसेढुङ्गाको रूपमा परीक्षण प्रक्रियाको मूल्य निर्धारणलाई लिइन्छ (डोची, सन्, २००९)। तर त्रिभुवन विश्वलिद्यालयका प्राविधिक विषयका अध्ययन संस्थानमा बाहेक अन्य सङ्कायका विषय अध्ययन अध्यापन गराइने क्षेत्रमा वार्षिक परीक्षा प्रणालीमा औपचारिकता पूरा गर्ने प्रवृत्ति मात्र रहेको छ। यद्यपि केही प्राविधिक अध्ययन संस्थानका कार्यक्रमहरूमा आन्तरिक मूल्याङ्कनको व्यवस्था भएको पाइन्छ। भाषा परीक्षण र मूल्याङ्कनले भाषा शिक्षणको लक्ष्य प्राप्ति र यसको निरीक्षणले ती लक्ष्यमा पुग्न सफलता प्रदान गर्दछ (दाभिस, सन् १९९०, पृ. १)। मूल्याङ्कनले उपलब्धिको मात्र लेखाजोखा नगरी त्यसमा प्रयोग गरिएका शैक्षिक सामग्री, कार्यक्रम कार्यान्वयन प्रक्रिया र उद्देश्यहरू समेतको लेखाजोखा गर्दछ (पौडेल, २०५५, पृ. ५२)। यसै सन्दर्भलाई मध्यनजर गर्दै महेन्द्ररत्न क्याम्पस, ताहाचलका स्नातक तह दोस्रो वर्षका विद्यार्थीहरूको भाषिक परीक्षणको उपलब्धि मूल्याङ्कनको वास्तविक अवस्था के-कस्तो रहेको छ ? भन्ने अध्ययन नै प्रस्तुत शोधको प्राज्ञिक विषय रहेको छ।

## समस्याकथन

प्रस्तुत अनुसन्धानात्मक लेखमा स्नातक तह दोस्रो वर्षको भाषाविज्ञान र नेपाली भाषा (नेपा. शि. ४२२) विषयको वार्षिक परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेको उपलब्धि मूल्याङ्कनको समस्यासँग सम्बन्धित रहेको छ।

उक्त शोधमा २०७४ देखि २०७७ सालसम्मका नियमिततर्फका महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूले भाषाविज्ञान र नेपाली भाषा विषयको वार्षिक परीक्षाको उपलब्धि मूल्याङ्कनमा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीहरू केकति रहेका छन् भन्ने प्रश्नहरू वा समस्यासँग सम्बन्धित खोज गर्नु नै यस शोधको प्रमुख प्राज्ञिक समस्या रहेको छ ।

## शोधकार्यको उद्देश्य

प्रस्तुत अनुसन्धानात्मक लेखमा स्नातक तह दोस्रो वर्षको भाषाविज्ञान र नेपाली भाषा (नेपा. शि. ४२२) विषयको वार्षिक परीक्षामा विद्यार्थीहरूको प्राप्त गरेको उपलब्धि मूल्याङ्कनको पहिचानमा उठेका समस्याको समाधान गर्नु नै यस शोधको प्राज्ञिक उद्देश्य रहेको छ । प्रस्तुत शोधमा २०७४देखि २०७७ सालसम्मका नियमित तर्फका महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूले भाषाविज्ञान र नेपाली भाषा विषयको वार्षिक परीक्षामा प्राप्त गरेको उपलब्धि मूल्याङ्कनका आधारमा उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीहरू केकति रहेका छन् त्यसको पहिचान गरी समस्याको समाधान गर्नु नै यस शोधको प्राज्ञिक उद्देश्य रहेको छ ।

## शोधकार्यको औचित्य

महेन्द्ररत्न क्याम्पस, ताहाचलका स्नातक तह दोस्रो वर्षका छात्रछात्रा र विभिन्न जातजातिका विद्यार्थीहरूले वार्षिक परीक्षा प्रणालीमा प्राप्त गरेका उपलब्धि मूल्याङ्कनका आधारमा उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित पक्षको आफ्नै ढाँचा बनाई शोध मूल्याङ्कनको विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूलाई तालिका र बहुमुखी स्तम्भचित्रमा प्रस्तुत गरी शोधको विश्लेषण गरिएको छ । महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूले भाषाविज्ञान र नेपाली भाषा (नेपा.शि. ४२२) विषयको वार्षिक परीक्षामा सहभागी विद्यार्थीहरूले प्राप्त गरेका उपलब्धि मूल्याङ्कनको आधारमा उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित पक्षको विश्लेषण गरिएको छ । यसैले महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कनको विश्लेषण एक महत्त्वपूर्ण अध्ययन बनेको छ । तसर्थः स्नातक तह दोस्रो वर्षको २०७४ देखि २०७७ सालसम्मका महेन्द्ररत्न क्याम्पस, ताहाचलको विद्यार्थीहरूका उपलब्धि मूल्याङ्कनको अध्ययनबाट प्राप्त उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित हुने विद्यार्थीहरूलाई शोधमा चयन गरिएको छ । यस शोधबाट प्राप्त हुने ज्ञान तथा भाषिक सिपको मूल्याङ्कनमा संलग्न अनुसन्धाता, सम्बद्ध विषयका शिक्षक तथा शोधार्थी, जिज्ञासु एवम् अध्यापनमा संलग्न शिक्षक र प्रश्नपत्र निर्माण कर्ता, परीक्षासम्बन्धी विज्ञ, तथा उपलब्धि मूल्याङ्कन मापनमा सहभागी विषय विज्ञहरूका लागि समेत यो अध्ययन उपयोगी तथा औचित्यपूर्ण रहेको छ ।

## अध्ययन तथा सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्यलाई प्रभावकारी रूपले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । कुनै पनि विषयको कुनै पनि पक्षबारे नयाँ कुरा पत्ता लगाउनु, कुनै पनि विषय वा वस्तुको परीक्षण र वा मूल्याङ्कन गर्नु अनुसन्धान हो (बन्धु, २०७२) । शोधकार्यको प्रकृतिअनुसार यस शोधमा (क्वालिटेटिभ) गुणात्मक शोध विधिको उपयोग गरी उद्देश्यमूलक रूपमा तथ्याङ्कको सङ्कलन गरिएको छ (डेन्जिङ र लिङ्कन, सन् २००५, पृ. ७) । प्रस्तुत शोधको तथ्याङ्क त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुको अति गोप्य शाखाबाट लिएको छ । यस शोधमा महेन्द्ररत्न क्याम्पस, ताहाचलका नियमित तर्फका विद्यार्थीहरूले २०७४ देखि २०७७ सालसम्म प्राप्त गरेको प्राप्ताङ्कलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । उक्त तथ्याङ्कको आधारमा भाषा शिक्षण सिकाइका सिप परीक्षण तथा व्यवहारमा आएको परिवर्तनको मापनमा प्रयोग गरिएको वस्तुगत र विषयगत प्रश्नहरूसमेत अध्ययन गरिएको छ ।

गुणात्मक शोधको गहिराइमा पुगी शोध प्रकाशित गर्न अनुसन्धान कर्ताले व्यक्तिगत र उद्देश्यमूलक रूपमा तथ्याङ्क सङ्कलन गर्न सकिने क्षेत्र मात्र छनोट गर्नुपर्दछ भने तथ्याङ्क (Random) यादृच्छिक छनोट व्यक्तिकै आवश्यकता र इच्छाअनुसार सङ्कलन गर्न सकिन्छ (क्रसवेल, सन् २०१५, पृ. २०६) । यसमा सङ्कलन गरिएका तथ्याङ्कलाई तार्किक विधिद्वारा विश्लेषण गरी शोधलाई निष्कर्षमा लैजाने कार्य गरिएको छ । गुणात्मक अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले वस्तु, प्रक्रिया, समस्या तथा घटना विशेषलाई यथास्थितिमा अध्ययन गर्ने हुँदा यसलाई प्राकृतिक खोज (नेचुरलिष्टक इन्क्वायरी) पनि भन्ने गरिन्छ (खनाल, २०७२, पृ. ५५) । प्रस्तुत शोधमा वार्षिक परीक्षामा सहभागी विद्यार्थीहरूको उद्देश्यमूलक नमुना छनोट गरी उतीर्ण, अनुत्तीर्ण, अनुपस्थित विभिन्न जातजातिका छात्रछात्राको नतिजालाई (Excel) को माध्यमबाट बहुमुखी स्तम्भचित्रमा प्रस्तुत गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अध्ययनको सैद्धान्तिक अवधारणा

प्रस्तुत शोध अध्ययनमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा विभिन्न जातजातिका छात्रछात्रालाई समूहमा विभाजन गरिएको छ । यस शोधको उपलब्धि मूल्याङ्कनको परीक्षामा उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीहरूको सङ्ख्याको तथ्याङ्कलाई व्यवस्थित गर्ने सैद्धान्तिक अवधारणा निर्माण गरिएको छ। त्रिभुवन विश्वविद्यालयको मापदण्डअनुसार स्नातक तहमा उत्तीर्ण अङ्क ३५ प्रतिशत मानिएको छ। यसमा ३५ देखि ४५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको उपलब्धि तृतीय श्रेणी, ४५ देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको उपलब्धि द्वितीय श्रेणी र ६० प्रतिशतदेखि र ७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको उपलब्धि प्रथम श्रेणी मानिएको छ भने ७५ प्रतिशतदेखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको उपलब्धिलाई विशिष्ट श्रेणी मानिने सैद्धान्तिक अवधारणालाई अवलम्बन गरिएको छ।

## शोध तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत शोधमा स्नातक तह दोस्रो वर्षको भाषाविज्ञान र नेपाली भाषा (नेपा.शि. ४२२) को वार्षिक परीक्षाको उपलब्धि मूल्याङ्कनमा सहभागी महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूले २०७४देखि २०७७ सालसम्मको प्राप्ताङ्कको खोजमा केन्द्रित गरिएको छ। उक्त शोधको वार्षिक परीक्षामा उपयोग गरिएको बहुवैकल्पिक वस्तुगत र विषयगत निबन्धात्मक परीक्षाको छोटो र विस्तृत लामो उत्तर आउने प्रश्नहरूको आधारमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको नतिजालाई आधुनिक परीक्षण सिद्धान्तको प्रयोग गरी तथ्याङ्कशास्त्रीय सफ्टवेयर (Excel) को माध्यमबाट उद्देश्यमूलक शोध विधिका आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ ।

| क्र.स. | महेन्द्ररत्न क्याम्पस, ताहाचल | सङ्ख्या | छात्र | छात्रा |
|---|---|---|---|---|
| १. | जम्मा परीक्षार्थी विद्यार्थी | १०० | १६ | ८४ |
| २. | उत्तीर्ण परीक्षार्थी | ५१ | ६ | ४५ |
| ३. | अनुत्तीर्ण परीक्षार्थी | ४१ | ६ | ३५ |
| ४. | अनुपस्थित परीक्षार्थी | ८ | ४ | ४ |
| जम्मा परीक्षार्थी सङ्ख्या | | १०० | १६ | ८४ |

महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट २०७४ सालको परीक्षामा सहभागी छात्र र छात्राहरू :

२०७४ सालको वार्षिक परीक्षामा सहभागी १०० जना विद्यार्थीहरूमध्ये छात्र १६ जना र छात्रा ८४ जना रहेका छन् । जसमा छात्र १६ प्रतिशत र छात्रा ८४ प्रतिशत रहेका छन् । वार्षिक परीक्षामा सहभागी १०० जना विद्यार्थीमध्ये ५१ जना उत्तीर्ण, ४१ जना अनुत्तीर्ण र ८ जना अनुपस्थित रहेका छन् । जसको उत्तीर्ण प्रतिशत ५१,

अनुत्तीर्ण ४१ र अनुपस्थित ८ प्रतिशत रहेको छ । जम्मा उत्तीर्ण ५१ जनामा छात्र ६ जना र छात्रा ४५ जना रहेका छन् भने अनुत्तीर्ण ४१ जनामा छात्र ६ जना र छात्र ३५ जना तथा अनुपस्थित ८ जनामा छात्रछात्रा ४/४ जना रहेका छन् । २०७४ सालको वार्षिक परीक्षामा सम्पूर्ण छात्रछात्रमा ७ जना द्वितीय श्रेणी, ४४ जना तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् ।

महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट २०७५ सालको परीक्षामा सहभागी छात्र र छात्राहरू :

| क.स. | महेन्द्ररत्न क्याम्पस, ताहाचल | सङ्ख्या | छात्र | छात्रा |
|---|---|---|---|---|
| १. | जम्मा परीक्षार्थी विद्यार्थी | १२७ | ३० | ९७ |
| २. | उत्तीर्ण परीक्षार्थी | ५१ | ११ | ४० |
| ३. | अनुत्तीर्ण परीक्षार्थी | ६३ | १६ | ४७ |
| ४. | अनुपस्थित परीक्षार्थी | १३ | ३ | १० |
| जम्मा परीक्षार्थी सङ्ख्या | | १२७ | ३० | ९७ |

२०७५ सालको वार्षिक परीक्षामा सहभागी १२७ जना विद्यार्थीहरूमध्ये ५१ जना उत्तीर्ण, ६३ जना अनुत्तीर्ण र १३ जना अनुपस्थित रहेका छन् । उक्त सालको उत्तीर्ण प्रतिशत ४१.१५, अनुत्तीर्ण ४९.६० र अनुपस्थित १०.२३ प्रतिशत रहेका छन् । उत्तीर्ण ५१ जनामा छात्र ११ जना र छात्रा ४० जना रहेका छन् । अनुत्तीर्ण ६३ जनामा छात्र १६ जना र छात्रा ४७ जना रहेका छन् भने अनुपस्थित १३ जनामा छात्र ३ जना र छात्रा १० जना रहेका छन् । २०७५ सालको वार्षिक परीक्षामा २ जना विद्यार्थीहरूले ६३ र ६० प्रतिशत अङ्क प्राप्त गरी प्रथम श्रेणीमा उत्तीर्ण भई गुणात्मक पक्षमा सुधार गरे तापनि २०७४ सालभन्दा २०७५ सालको उपलब्धि मूल्याङ्कन १०.८५ प्रतिशतले घट्न गएको छ ।

महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट २०७६ सालको परीक्षामा सहभागी छात्र र छात्राहरू :

| क.स. | महेन्द्ररत्न क्याम्पस, ताहाचल | सङ्ख्या | छात्र | छात्रा |
|---|---|---|---|---|
| १. | जम्मा परीक्षार्थी विद्यार्थी | १०३ | २४ | ७९ |
| २. | उत्तीर्ण परीक्षार्थी विद्यार्थी | ५१ | ११ | ४० |
| ३. | अनुत्तीर्ण परीक्षार्थी विद्यार्थी | ४६ | ११ | ३५ |
| ४. | अनुपस्थित परीक्षार्थी विद्यार्थी | ६ | २ | ४ |
| जम्मा परीक्षार्थी विद्यार्थी | | १०३ | २४ | ७९ |

२०७६ सालको वार्षिक परीक्षामा सहभागी १०३ जना विद्यार्थीहरूमध्ये उत्तीर्ण ५१ जना, अनुत्तीर्ण ४६ जना र अनुपस्थित ६ जना रहेका छन् । जसमा उत्तीर्ण प्रतिशत ४९.५१, अनुत्तीर्ण ४४.६६ र अनुपस्थित ५.८ प्रतिशत रहेका छन् । जम्मा १०३ जना विद्यार्थीहरूमध्ये छात्र २४ जना र छात्रा ७९ जना रहेका छन् । जसमा छात्र २३.३० प्रतिशत र छात्रा ७७.६९ प्रतिशत रहेका छन् । उत्तीर्ण ५१ जनामा छात्र ११ जना र छात्रा ४० जना, अनुत्तीर्ण ४६ जनामा छात्र ११ जना र छात्रा ३५ जना छन् भने अनुपस्थित ६ जनामा छात्र २ जना र छात्रा ४ जना रहेका छन् । २०७६ सालको उत्तीर्ण प्रतिशत २०७५ सालभन्दा ८.३६ प्रतिशतले बढ्न गएको छ ।


महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट २०७७ सालको परीक्षामा सहभागी छात्र र छात्राहरू :

| क्र.स. | महेन्द्ररत्न क्याम्पस, ताहाचल | सङ्ख्या | छात्र | छात्रा |
|---|---|---|---|---|
| १. | जम्मा परीक्षार्थी विद्यार्थी | ९६ | १२ | ८४ |
| २. | उत्तीर्ण परीक्षार्थी विद्यार्थी | ५१ | ५ | ४६ |
| ३. | अनुत्तीर्ण परीक्षार्थी विद्यार्थी | ३३ | ३ | ३० |
| ४. | अनुपस्थित परीक्षार्थी विद्यार्थी | १२ | ४ | ८ |
| जम्मा परीक्षार्थी विद्यार्थी | | ९६ | १२ | ८४ |

२०७७ सालको वार्षिक परीक्षामा सहभागी ९६ जना विद्यार्थीहरूमध्ये उत्तीर्ण ५१ जना, अनुत्तीर्ण ३३ जना र अनुपस्थित १२ जना रहेका छन् । उक्त परीक्षामा उत्तीर्ण प्रतिशत ५३.१२, अनुत्तीर्ण ३४.३७ र अनुपस्थित १२.५ प्रतिशत रहेका छन् । जम्मा ९६ जना विद्यार्थीहरूमध्ये छात्र १२ जना र छात्रा ८४ जना क्रमशः छात्र प्रतिशत १२.५ र छात्रा ८७.५ प्रतिशत रहेका छन् । उत्तीर्ण ५१ जनामा छात्र ५ जना र छात्रा ४६ जना रहेका छन्, जसमा छात्र प्रतिशत ९.८० र छात्रा ९०.१९ प्रतिशत रहेका छन् । अनुत्तीर्ण ३३ जनामा छात्र ३ जना र छात्रा ३० जना रहेका छन् भने अनुपस्थित १२ जनामा छात्र ४ जना र छात्रा ८ जना रहेका छन् । २०७४, २०७५ र २०७६ सालको भन्दा २०७७ सालको उत्तीर्ण प्रतिशत भने उच्च रहेका छन् ।

२०७४ सालको वार्षिक परीक्षामा महेन्द्ररत्न क्याम्पस, ताहाचलमा सहभागी भएका विभिन्न जातजातिका विद्यार्थीहरू तालिका र बहुमुखी स्तम्भचित्रमा : नमुना १


| | ब्राह्मण, क्षेत्री | राई | मगर | लिम्बू | तामाङ | दलित | माझी, कुमाल | श्रेष्ठ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा विद्यार्थी सङ्ख्या | ६४ | २ | ६ | २ | ६ | ७ | ५ | ८ | १०० |
| उत्तीर्ण सङ्ख्या | ३२ | २ | ३ | १ | ३ | ६ | ३ | १ | ५१ |
| अनुत्तीर्ण सङ्ख्या | २६ | ० | ३ | ० | ३ | १ | २ | ६ | ४१ |
| अनुपस्थित सङ्ख्या | ६ | ० | ० | १ | ० | ० | ० | १ | ८ |




२०७४ सालको वार्षिक परीक्षामा सहभागी १०० जना विद्यार्थीहरूमध्ये ६४ जना ब्राह्मण, क्षेत्रीमा ३२ जना उत्तीर्ण, २६ जना अनुत्तीर्ण र ६ जना अनुपस्थित भएका छन् । राई विद्यार्थी २ जनामा दुवै द्वितीय श्रेणीमा उत्तीर्ण भएका छन् । लिम्बू विद्यार्थी २ जनामा १ जना उत्तीर्ण, १ जना अनुपस्थित भएको छ । मगर विद्यार्थी ६ जनामा ३ जना उत्तीर्ण, ३ जना अनुत्तीर्ण भएका छन् । उक्त परीक्षामा सबभन्दा बढी अङ्क मगर विद्यार्थीले ५७ प्रतिशत प्राप्त गरेको छ । तामाङ विद्यार्थी ६ जनामा ३ जना उत्तीर्ण, ३ जना अनुत्तीर्ण भएका छन् । दलित विद्यार्थी (मिजार, नेपाली, सोमाई र विश्वकर्मा) ७ जनामा ६ जना उत्तीर्ण, १ जना अनुत्तीर्ण भएको छ । (माझी, कुमाल, दराई र मुखिया) ५ जनामा माझी, कुमाल र मुखिया १/१ जना ३ उत्तीर्ण, दराई र माझी १/१ जना अनुत्तीर्ण रहेका छन् । श्रेष्ठ विद्यार्थी ८ जनामा १ जना उत्तीर्ण, ६ जना अनुत्तीर्ण र १ जना अनुपस्थित रहेको छ ।

२०७५ सालको वार्षिक परीक्षामा महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट सहभागी भएका विभिन्न जातजातिका विद्यार्थीहरू तालिका र बहुमुखी स्तम्भचित्रमा : नमुना २


| | ब्राह्मण, क्षेत्री | दलित | श्रेष्ठ | गुरुङ | तामाङ | राई | मगर | चौधरी, माझी, राजवंशी | लिम्बू | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा विद्यार्थी सङ्ख्या | ९३ | ४ | ५ | ५ | ४ | २ | १० | ३ | २ | १२७ |
| उत्तीर्ण सङ्ख्या | ३३ | १ | २ | ३ | ३ | १ | ५ | ३ | ० | ५१ |
| अनुत्तीर्ण सङ्ख्या | ४७ | २ | २ | २ | १ | १ | ५ | ० | २ | ६३ |
| अनुपस्थित सङ्ख्या | १० | १ | २ | ० | ० | ० | ० | ० | ० | १३ |




२०७५ सालको वार्षिक परीक्षामा सहभागी १२७ जना विद्यार्थीहरूमध्ये ९३ जना ब्राह्मण, क्षेत्रीमा ३३ जना उत्तीर्ण, ४७ जना अनुत्तीर्ण र १० जना अनुपस्थित भएका छन् । उक्त परीक्षामा २ जना छात्रा ६३ र ६० प्रतिशत अङ्क प्राप्त गरी प्रथम श्रेणी उत्तीर्ण, ७ जना द्वितीय श्रेणी उत्तीर्ण, २४ जना तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् । दलित विद्यार्थी (विश्वकर्मा र खनाखावास) ४ जनामा १ जना उत्तीर्ण, २ जना अनुत्तीर्ण र १ जना अनुपस्थित भएको छ । श्रेष्ठ विद्यार्थी ५ जनामा २ जना उत्तीर्ण, १ जना अनुत्तीर्ण र २ जना अनुपस्थित भएको छ । गुरुङ विद्यार्थी ५ जनामा ३ जना उत्तीर्ण, २ जना अनुत्तीर्ण भएका छन् । तामाङ विद्यार्थी ४ जनामा २ जना उत्तीर्ण र २ जना अनुत्तीर्ण भएका छन् । राई विद्यार्थी २ जनामा १ जना उत्तीर्ण, १ जना अनुत्तीर्ण भएको छ । मगर विद्यार्थी १० जनामा ५ जना उत्तीर्ण र ५ जना अनुत्तीर्ण भएका छन् । (चौधरी, माझी र राजवंशी) विद्यार्थी ३ जनामा प्रत्येक जातिका १/१ जना उत्तीर्ण भएका छन् । लिम्बू विद्यार्थीह जनामा दुवै अनुत्तीर्ण भएका छन् ।

२०७६ सालको वार्षिक परीक्षामा महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट सहभागी भएका विभिन्न जातजातिका विद्यार्थीहरू तालिका र बहुमुखी स्तम्भचित्रमा : नमुना ३


| | ब्राह्मण, क्षेत्री | वि.क. | तामाङ | लिम्बू | श्रेष्ठ | राई, सुनुवार | मगर | भूजेल | गुरुङ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा विद्यार्थी सङ्ख्या | ६५ | ५ | १० | १ | ९ | ३ | ६ | ३ | १ | १०३ |
| उत्तीर्ण सङ्ख्या | ३७ | ३ | २ | ० | ३ | २ | ४ | ० | ० | ५१ |
| अनुत्तीर्ण सङ्ख्या | २५ | २ | ७ | १ | ५ | १ | १ | ३ | १ | ४६ |
| अनुपस्थित सङ्ख्या | ३ | ० | १ | ० | १ | ० | १ | ० | ० | ६ |




२०७६ सालको वार्षिक परीक्षामा सहभागी १०३ जना विद्यार्थीहरूमध्ये ६५ जना ब्राह्मण, क्षेत्रीमा ३७ जना उत्तीर्ण, २५ जना अनुत्तीर्ण र ३ जना अनुपस्थित भएका छन् । उक्त परीक्षामा द्वितीय श्रेणीमा ४ जना, तृतीय श्रेणीमा ३३ जना उत्तीर्ण भएका छन् । दलित विद्यार्थी ५ जनामा ३ जना उत्तीर्ण, २ जना अनुत्तीर्ण भएका छन् । तामाङ विद्यार्थी १० जनामा २ जना उत्तीर्ण, ७ जना अनुत्तीर्ण र १ जना अनुपस्थित भएको छ । लिम्बू विद्यार्थी १ जना पनि अनुत्तीर्ण भएको छ । श्रेष्ठ विद्यार्थी ९ जनामा ३ जना उत्तीर्ण, ५ जना अनुत्तीर्ण र १ जना अनुपस्थित भएको छ । राई, सुनुवार विद्यार्थी ३ जनामा २ जना उत्तीर्ण, १ जना अनुत्तीर्ण भएको छ । मगर विद्यार्थी ६ जनामा ४ जना उत्तीर्ण, १ जना अनुत्तीर्ण र १ जना अनुपस्थित भएको छ । भुजेल विद्यार्थी ३ जनामा ३ जना नै अनुत्तीर्ण भएका छन् भने गुरुङ विद्यार्थी १ जना पनि अनुत्तीर्ण भएको छ ।

२०७७ सालको वार्षिक परीक्षामा महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट सहभागी भएका विभिन्न जातजातिका विद्यार्थीहरू तालिका र बहुमुखी स्तम्भचित्रमा : नमुना ४

| | ब्राह्मण, क्षेत्री | तामाङ | मगर | मिजार | वि.क. | नेपाली | गुरुङ, लिम्बू, राई | श्रेष्ठ | जम्मा विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा विद्यार्थी सङ्ख्या | ५९ | १३ | ५ | १ | ६ | ४ | ६ | २ | ९६ |
| उत्तीर्ण सङ्ख्या | ३६ | ५ | ३ | १ | ३ | २ | ० | १ | ५१ |
| अनुत्तीर्ण सङ्ख्या | २६ | ४ | २ | ० | ३ | २ | ५ | १ | ३३ |
| अनुपस्थित सङ्ख्या | ७ | ४ | ० | ० | ० | ० | १ | ० | १२ |





२०७७ सालको वार्षिक परीक्षामा सहभागी ९६ जना विद्यार्थीहरूमध्ये ५९ जना ब्राह्मण, क्षेत्रीमा ३६ जना उत्तीर्ण, १६ जना अनुत्तीर्ण र ७ जना अनुपस्थित भएका छन् । तामाङ विद्यार्थी १३ जनामा ५ जना उत्तीर्ण, ४ जना अनुत्तीर्ण र ४ जना अनुपस्थित भएका छन् । मगर विद्यार्थी ५ जनामा ३ जना उत्तीर्ण, २ जना अनुत्तीर्ण भएका छन् । दलित विद्यार्थी मिजार १ जना उत्तीर्ण भएको छ । वि.क. विद्यार्थी ६ जनामा ३ जना उत्तीर्ण, ३ जना अनुत्तीर्ण भएका छन् । (नेपाली र परियार) विद्यार्थी ३ जनामा २ जना उत्तीर्ण, १ जना अनुत्तीर्ण भएको छ । गुरुङ, लिम्बू र राई विद्यार्थी ६ जनामा गरुङ र राई ५ जना अनुत्तीर्ण र लिम्बू १ जना अनुपस्थित रहेको छ भने श्रेष्ठ विद्यार्थी १ जना पनि अनुत्तीर्ण भएको छ ।

२०७४ देखि २०७७ सालसम्मका महेन्द्ररत्न क्याम्पस, ताहाचलको विद्यार्थीहरूका उपलब्धि स्तर

| | २०७४ | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|---|
| जम्मा विद्यार्थी सङ्ख्या | १०० | १२७ | १०३ | ९६ |
| उत्तीर्ण सङ्ख्या | ५१ | ५१ | ५१ | ५१ |
| अनुत्तीर्ण सङ्ख्या | ४१ | ६३ | ४६ | ३३ |
| अनुपस्थित सङ्ख्या | ८ | १३ | ६ | १२ |

महेन्द्ररत्न क्याम्पस, ताहाचलका चार वर्षका विद्यार्थीहरूका उपलब्धि स्तर रेखाचित्रमा




माथि रेखाचित्रमा २०७४ देखि २०७७ सालसम्मको वार्षिक परीक्षामा सहभागी महेन्द्ररत्न क्याम्पस, ताहाचलका विद्यार्थीहरूको सङ्ख्या र उपलब्धि मूल्याङ्कनमा उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीहरूका सङ्ख्यालाई प्रतिशतमा प्रस्तुत गरिएको छ। २०७४ सालका जम्मा विद्यार्थीहरू १०० जनामध्ये ५१ जना उत्तीर्ण, ४१ जना अनुत्तीर्ण र ८ जना अनुपस्थित भएका छन्। जसको ५१ प्रतिशत उत्तीर्ण, ४१ प्रतिशत अनुत्तीर्ण र ८ प्रतिशत अनुपस्थित भएका छन्। २०७५ सालको जम्मा विद्यार्थीहरू १२७ जनामध्ये ५१ जना उत्तीर्ण, ६३ जना अनुत्तीर्ण र १३ जना अनुपस्थित भएका छन्। यसमा ४०.१५ प्रतिशत उत्तीर्ण, ४९.६० प्रतिशत अनुत्तीर्ण र १०.२३ प्रतिशत अनुपस्थित भएका छन्। २०७६ सालका जम्मा १०३ जनामध्ये ५१ जना उत्तीर्ण, ४६ जना अनुत्तीर्ण र ६ जना अनुपस्थित भएका छन्। यसमा ४९.५१ प्रतिशत उत्तीर्ण, ४४.६६ प्रतिशत अनुत्तीर्ण र ५.८२ प्रतिशत अनुपस्थित भएका छन्। २०७७ सालको जम्मा विद्यार्थीहरू ९६ जनामध्ये ५१ जना उत्तीर्ण, ३३ जना अनुत्तीर्ण र १२ जना अनुपस्थित भएका छन्। उक्त सालको ५३.१२ प्रतिशत उत्तीर्ण, ३४.३७ प्रतिशत अनुत्तीर्ण र १२.५ प्रतिशत अनुपस्थित भएका छन्।

## निष्कर्ष

महेन्द्ररत्न क्याम्पस, ताहाचलको वार्षिक परीक्षाको उपलब्धि मूल्याङ्कनको अध्ययन गर्दा २०७४ सालको ५१ प्रतिशत उत्तीर्ण हुँदा २०७५ सालमा ४०.१५ प्रतिशत उत्तीर्ण भई २०७४ सालभन्दा १०.८५ प्रतिशतले घट्न गएको छ। २०७५ सालको ४०.१५ प्रतिशत उत्तीर्ण हुँदा २०७६ सालको ४९.५१ प्रतिशत उत्तीर्ण भई ९.३६ प्रतिशतले बढ्न गएको छ भने २०७७ सालमा ५३.१२ प्रतिशत उत्तीर्ण भई २०७६ सालभन्दा २.८८ प्रतिशतले

बढ्न गएको छ । महेन्द्ररत्न क्याम्पस, ताहाचलको चार वर्षको उपलब्धिको स्तर तुलना गर्दा २०७७ सालको उपलब्धि मूल्याङ्कन २०७४, २०७५ र २०७६ सालको भन्दा उच्च रहेको छ। माथिका तथ्याङ्कलाई हेर्दा महेन्द्ररत्न क्याम्पस, ताहाचलको शैक्षिक गुणस्तर र उपलब्धि मूल्याङ्कन त्यति सन्तुष्टि हुने देखिँदैन । यसको प्रमुख कारण कोभिड १९ को महामारी, कक्षा सहभागितामा विद्यार्थी नियमित नहुने प्रवृत्ति तर परीक्षामा मात्र सहभागी हुने प्रवृत्तिले गर्दा विद्यार्थीको उपलब्धि मूल्याङ्कनमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । यसका साथै भाषाविज्ञानप्रतिको विद्यार्थीहरूका संज्ञानात्मक पक्ष कमजोर हुनु, पाठ्यक्रमका सबै एकाइबाट प्रश्न निर्माण नगरिनु, उत्तरपुस्तिका परीक्षणमा सबै शिक्षकमा समान एक रूपता नपाइनु, शिक्षण सिकाइका क्रममा विद्यार्थीहरू बिच प्रतिस्पर्धा नहुनु तथा निरन्तर मूल्याङ्कन नगरिने कारण र प्रवृत्तिले गर्दा विद्यार्थीहरूका उपलब्धि कमजोर हुन गएको देखिन्छ । विद्यार्थीहरूका उपलब्धि मूल्याङ्कनमा सुधार ल्याउन निरन्तर मूल्याङ्कन गरी विद्यार्थीका भाषाशिक्षण सिकाइप्रति तत्परता र जागरुकता ल्याउन शिक्षक, विद्यार्थी र प्रशासन बिचको त्रिकोणात्मक सम्बन्धमा सुधार ल्याई शिक्षण सिकाइमा सुधार गर्नुपर्ने देखिएको छ ।

## सन्दर्भ–सामग्री


अधिकारी, हेमाङ्गराज (२०६३). *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (चौथो संस्करण). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०७२). *शैक्षिक अनुसन्धान पद्धति* (सातौँ संस्करण). काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पौडेल, लेखनाथ (२०५५). *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७२). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* पुनर्मुद्रण. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०). *नेपाली भाषा र साहित्य-शिक्षण.* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

श्रीवास्तव, रवीन्द्रनाथ (१९९२). *भाषा शिक्षण.* दिल्ली : माहेश्वरी वाणी प्रकाशन. प्रा.लि. ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७५). *विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१७ सङ्क्षिप्त प्रतिवेदन,* सानोठिमी भक्तपुर ।

Brown, and Baidley, K. M. (2007). Language Testing Courses: What Are They in 2007? *Language testing*, 25⁄3:459–383.

Crewell, J. W. (2015). *Educational Research*. India: Educational Service Pvt. Lt .

Crooks, T. J. (1988). The Impact of Classroom Evaluation Practices on Students. *Review of Educational Research*, 58⁄4: 438–481.

Davies, A. (1990). *Principle of Language Testing*. Cambridge: Bail Blackwell.

Denzin, N. K. and Lincoin, Y. S. (Eds). (2005). *Handbook of Qulitative Research.* -3rd ed_. New Delhi: Sage Publication.

Dorhy, F. (2009). The Edumetric Quality of New Modes of Assessment: Some Issues and Prospects in G. Jouhin )ed(, *Assessment, Learning and Judgement in Higher Education* )pp.84–11(. New York: Spriger.

Kothari, C. R. Garg G. (2014). *Research Methodology Methods and Techniques.* 3rd Edition, New Delhi: New Age International p.ltd.

Neuman, W.L. (2016). *Social Research Methods, Qualitative and Quantative Approaches*. Indian Edition.

Stiggins, R. J. (1999). Evaluting Classroom Assessment Training in Teacher Education Programs. *Educational Measurement: Issue and Practice*, Spring 1999: 23–27.